याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फोन नं.: ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९
मेदिबुङ, थपु,पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं. : २०७४/०७५
च.नं.

मिति : २०७४/१०/०७

विषय :- प्रस्तावना-पत्र आह्वानको सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/१०/०७

यस कार्यालयको आ.व २०७४/०७५को स्वीकत वार्षिक विकास कार्यकम अनुसार बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यकम याङवरक गाउँपालिकाका वडा नं. ४ मा संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक गैरसरकारी संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही प्रस्तावना-पत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

१. प्राविधिक तथा आर्थिक प्रस्तावनापत्र पेश गर्न गत आ.व. मा नविकरण सहितको इजाजत पत्र, कर चुक्ता प्रमाणपत्र, पान नं. वा मू.अ.कर दर्ता प्रमाण-पत्र संलग्न राखी रु.१०।- को टिकट टाँसी निवेदन दिई प्रस्तावना पेश गर्न सकिनेछ।
२. यो सूचना मेची पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र प्राविधिक तथा आर्थिक प्रस्तावनापत्र पेश गरिसक्नु पर्नेछ। सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ।
३. प्राविधिक तथा आर्थिक प्रस्तावनापत्र राखिएको खाम बाहिर "कार्यालयको नाम र बालमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यकम " भन्ने शब्द लेखि लाहाछाप सहितको सिलबन्दी गरिएको हुनुपर्नेछ।
४. यसरी दर्ता हुन आएका सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावनापत्र १६ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावदाताहरुको रोहवरमा खोलिनेछ। सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावनाकर्ताहरु अनुपस्थित रहेमा पनि प्रस्तावनापत्र खोल्न बाधा पर्ने छैन।।
५. सिलबन्दी प्रस्तावनापत्र स्वीकृत भएपछि स्वीकृत सिलबन्दी प्रस्तावनाकर्ताले सम्झौता गर्दा प्रस्तावनापत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ।
६. सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावनापत्रमा उल्लेखित कार्यकम याङवरक गाउँपालिकाको वडा नं. ४ मा संचालन गर्नुपर्नेछ।
७. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी प्रस्तावनापत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।
८. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा कार्यालयले निर्णय गरे बमोजिम हुनेछ।
९. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा फोन नं. ०२४-४१००४९, ९८६२६२३१२२ र ९८०३९८०४२३ मा सम्पर्क राख्न सक्नु हुनेछ।
१०. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

संचालन गर्नुपर्ने कार्यकमको विवरण

| कामको विवरण | स्थान | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|
| बालमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यकम | याङवरक-४ | ७,००,०००।-(अक्षरेपी रु सात लाख मात्र) | |

८६४।१०।०६

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत